"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषिक्षमतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

# इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८२/८३
चलानी नं: १२२३

मितिः २०८३/०१/१५

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना।

श्री यो जो जससँग सम्बन्धित छ,

मकवानपुर जिल्ला इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत श्री भैरव आधारभूत विद्यालय, इन्द्रसरोवर-३, काप्राङ, मकवानपुरमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणी, शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको पत्र संख्या ०८२/०८३ चलानी नम्बर १६८ मिति २०८३/०१/११ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः
१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना bhairabkaprang.irm@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ ।
२. म्याद नाघी वा तोकिएबमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय इकाइ, हेटौंडा, मकवानपुर।
श्री भैरव आधारभूत विद्यालय, इन्द्रसरोवर-३, काप्राङ, मकवानपुर।

धर्मानन्द पन्त
वरिष्ठ शाखा अधिकृत

Website: indrasarowarmun.gov.np
Email: indrasarowarmun@gmail.com